# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :
**Ref No.**

## प्रेश विज्ञप्ति

धितोपत्र सूचिकरण विनियमावली, २०५३ अनुसार धितोपत्र विनिमय वजारलाई प्रभावकारी विश्वसनिय, पारदर्शी एवं प्रतिस्पर्धी निकायको रुपमा स्थापित गर्ने उद्देश्यवाट परिलक्षित भई सूचिकरण विनियमावलिको विनियम १७ (क) मा उल्लेखित प्रावधान वमोजिम नेपाल व्यापार विकास कम्पनी (कोशी), नेपाल राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड, हिमगिरी टेक्सटाईल इन्डष्ट्रीज लिमिटेड, विराटनगर जुट मिल्स लिमिटेड र मोरङ्ग सुगर मिल्स लिमिटेडको सूचिकरण खारेज गरिएको छ ।

प्रचलीत कानूनी व्यवस्था अनुरुप वार्षिक नविकरण शुल्क नबुझाएको, साधारण सभा नवोलाउने, लेखापरिक्षण नगराउने, दर्ता ठेगानामा सम्पर्क नहुने, संचालक, संस्थापक तथा व्यवस्थापन तहवाट धितोपत्र वजारमा कुनै सर्म्पकमा नआएको र वास्तविक अवस्था अस्पष्ट रहेको उल्लेखीत ५ कम्पनीहरुको सूचिकरण खारेज गरिएको हो । सूचिकरण खारेजीमा परेका उपरोक्त कम्पनीहरु ओ. टि. सि.(ओभर द काउण्टर) बजार संचालन विनियमावली, २०६५ को विनियम ९ अनुरुप स्वतः ओटीसी बजारमा दर्ता भई शेयर खरीदविक्री हुनसक्नेछ । हालसम्म स्टक एक्सचेञ्जले ४३ कम्पनीको शेयर सूचिकरण खारेज गरेको छ ।

मिति : २०६५/३/१७

मुराहरि पराजुली

सहायक प्रवक्ता


पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**Tel.: 4250758, 4250735 Fax: 4262538 E-mail : nepse@ntc.net.np**

साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.